बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा,जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७

च.नं.:- ६०

मिति :- २०७६।०४।२२

**विषय : VERSP-MIS मा लाभग्राहीहरुको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री नौ वटै वडा कार्यालयहरु**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार काठमाण्डौं को मिति २०७६।०४।०५ को प.स.२०७६।०७७ च.न.०५ को प्राप्त पत्रानुसार तहाँ वडा कार्यालयहरुमा नेपाल सरकारबाट सञ्चालन हुदैं आएको जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विभाग बाट सँचालन भइरहेको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण VERSP-MIS प्रणालीमा देहाय बमोजिमका विवरणहरु अपूर्ण रहेको, दोहोरो परेको र नविकरण नगरेको देखिएकोले यही २०७६ साल साउन मसान्त भित्रमा त्यस वडा कार्यालयबाट अपूर्ण रहेका विवरणहरुलाई पूर्ण गर्ने, सम्भावित दोहोरा परेको विवरणहरुलाई लगतकट्टा गर्ने, नविकरण नगरेकोलाई नविकरण गरी पूर्ण तथ्याङ्क शुद्धिकरण अध्यवधिक गर्नु गराउनु हुन अनुरोध छ। फरक परेको लाभग्राहीहरुको विवरणहरु गाउँपालिकाको EMAIL : barekotrm@gmail.com मा प्राप्त हुने गरी पूर्ण अध्यावधिक गरी सोको जानकारी अनिवार्य यस कार्यालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ। MIS विवरण पूर्ण भएमा मात्र बास्तविक रकम निकाशा हुने भएकोले विवरण अध्यावधिक गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

.............

गोविन्द्रबहादुर सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत